आज मिति २०८१ साल पौष ४ गते बिहीबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

| उपस्थिति | | | | |
|---|---|---|---|---|
| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२. | |

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | |
| ३० | श्री सूर्य प्रसाद गौतम | सदस्य सचिव | | |

निर्णयहरुः

१) प्रस्तावः प्रगति समिक्षा सम्बन्धमा।

निर्णयः ५७ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो।

२) प्रस्तावः कानून स्वीकृत सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकालाई आवश्यक देखिएको देहाय बमोजिमका कानून स्वीकृत र संशोधन गर्नेः

(क) हेटौंडा उपमहानगरपालिका भारी सवारी साधन सञ्चालन कार्यविधि, २०८१,

(ख) हेटौंडा उपमहानगरपालिका माटो परीक्षण प्रयोगशाला सञ्चालन कार्यविधि, २०८१,

(ग) हेटौंडा उपमहानगरपालिका कार्य सञ्चालन निर्देशिका, २०८१,

(घ) हेटौंडा उपमहानगरपालिका कोशेली घर सञ्चालन कार्यविधि, २०८१,

(ङ) हेटौंडा उपमहानगरपालिका चुरियामाई सुरुङ्ग सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१,

(च) हेटौंडा उपमहानगरपालिका नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ को पहिलो संशोधन कार्यविधि, २०८१

(छ) हेटौंडा उपमहानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ को दोश्रो संशोधन कार्यविधि, २०८१ ।

३) प्रस्तावः कानून खारेज सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाले जारी गरेको देहाय बमोजिमका कानून खारेज गर्नेः

(क) हेटौंडा उपमहानगरपालिका शहरी पुर्वाधार महाशाखामा कार्यरत प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०७८,

(ख) आर्थिक रुपले विपन्न अति सिमान्तकृत समुदाय तथा परिवारको स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७६ ।

खण्ड (ख) बमोजिमको कार्यविधि खारेज भए पश्चात सो कार्यविधि बमोजिम सम्पादन गरिने सम्पूर्ण कार्य नगर प्रमुखस्तरीय निर्णयबाट हुनेछ ।

४) प्रस्तावः विधेयक स्वीकृतिको सिफारिस सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकालाई आवश्यक देखिएको देहाय बमोजिमका विधेयक स्वीकृति र संशोधनको लागि नगर सभा समक्ष पेश गर्नेः

(क) हेटौंडा उपमहानगरपालिका खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी विधेयक, २०८१,

(ख) हेटौंडा उपमहानगरपालिका संघ संस्था दर्ता तथा नियमन सम्बन्धी विधेयक, २०८१,

(ग) हेटौंडा उपमहानगरपालिका शिक्षा ऐन, २०७४ को दोश्रो संशोधन विधेयक, २०८१,

(घ) हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दोस्रो संशोधन विधेयक, २०८१ ।

५) प्रस्तावः बजेट, नीति तथा कार्यक्रमको प्रगति समिक्षा र संशोधित बजेट अनुमान सम्बन्धमा ।

निर्णयः आर्थिक वर्ष २०८१/०८२ को बजेट, नीति तथा कार्यक्रमको प्रगति समिक्षा र संशोधित बजेट अनुमान स्वीकृत गरी नगरसभाको १६ औं अधिवेशनमा पेश गर्ने ।

प्रमाणीकरण गरियो !
दस्तखतः ....................
नामः सूर्य प्रसाद गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः 2081/09/08

६) प्रस्तावः छुट सम्बन्धमा ।

निर्णयः लायन्स क्लब अफ हेटौंडाले हेटौंडा उपमहानगरपालिका वडा नं. ९ स्थित कि.नं. ४१६७ को ज.वि. ०-७-१९.५-० जग्गामा प्राकृतिक चिकित्सा अस्पताल अस्थायी किसिमको २ तले जस्ताको छाना भएको भवन निर्माण गर्न लागेकोले नक्सा पास गर्दा लाग्ने दस्तुर छुटको लागि निवेदन पेश गर्नु भएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मुनाफा नलिने संघ संस्थाहरुले दस्तुर छुट दिन सकिने कानूनी व्यवस्था बमोजिम उक्त भवन निर्माण गर्दा लाग्ने नक्सा पास दस्तुर छुट दिने ।

७) प्रस्तावः मेगा विद्यालय सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका वडा नं. ४ स्थित श्री भुटनदेवी माध्यमिक विद्यालय र श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय व्यवस्थापन समितिको निर्णय र वडा नं. ४ को कार्यालयबाट भएको सिफारिस समेतको आधारमा उक्त दुवै विद्यालय एकिकृत गर्न आवश्यक कानूनी व्यवस्था गर्न कार्यविधि निर्माण गर्ने र सो को कानूनी, प्रक्रियागत र संस्थागत व्यवस्था गरी मेगा विद्यालयको रुपमा सञ्चालन गर्न प्रस्तावको रुपमा नगरसभाको १६ औं अधिवेशन समक्ष पेश गर्ने ।

८) प्रस्तावः आर्थिक/अनुदान/कार्यक्रम सहयोग सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकामा विभिन्न मितिमा आफ्नो आर्थिक अवस्था कमजोर भई दैनिक जीविकोपार्जन र स्वास्थ्य सम्बन्धी उपचार गर्न असमर्थ भएको विषय उल्लेख गरी वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भई आएका साथै विभिन्न सामाजिक, साँस्कृतिक र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन सहयोग माग भएका संलग्नबमोजिमका निवेदनहरु उपर हेटौंडा उपमहानगरपालिका विकास कार्यक्रम सहायता कार्यविधि, २०८० र अन्य प्रचलित कानून बमोजिम देहायबमोजिमको सहयोग उपलब्ध गराउने:

देहाय

| सि.नं. | सहयोग प्राप्त गर्नेको नाम थर/कार्यक्रम | ठेगाना | सहयोग रकम रु. | खर्च व्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | बागमती प्रदेश फुटवल संघ, बागमती प्रदेश नेपाल, बागमती प्रदेश लिग फुटवल प्रतियोगिता सञ्चालनको लागि सहयोग | हेटौंडा | ५,००,०००।०० | खेलकुद विकासका लागि सहयोग तथा खेलसँग आवद्ध संस्थालाई पेज नं. १४९ (सि.नं.२८) खर्च शीर्षक २२५२२ |
| २ | श्री लक्ष्मी भ्लोन, पाठेघर सम्बन्धि क्यान्सर रोगको उपचारको लागि सहयोग | हेटौंडा-१८ | ५०,०००।०० | आर्थिक सहायता दिनदुखी उपचार तथा अन्य सामाजिक खाद्यान्न तथा लत्ताकपडा |
| ३ | श्री तृष्णा महर्जन, अध्ययनको लागि सहयोग | हेटौंडा-५ | ३०,०००।०० | शैक्षिक सुधार मेयर कार्यक्रम खर्च शीर्षक नं.२७२११ क्र.सं.नं. ७९ पेज नं. १५४ |
| ४ | श्री राशिल सुवेदी, अध्ययनको लागि सहयोग | हेटौंडा-७ | ५०,०००।०० | शैक्षिक सुधार मेयर कार्यक्रम खर्च शीर्षक नं.२७२११ क्र.सं.नं. ७९ पेज नं. १५४ |

९) प्रस्तावः स्वास्थ्य बिमा सम्बन्धमा ।

निर्णय(क): हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्रका कडा रोग लागि उपचार खर्च विगत देखि लिइरहेका र गत आर्थिक वर्षबाट उपचार खर्चका लागि गरिव परिवार परिचयपत्र अनिवार्य रहेको हुँदा गरिव परिचयपत्रको मापदण्डमा नपरेका असाध्य (कडा) रोग लागेका ३१७ जनालाई स्वस्थ्य बिमा सम्बन्धी कार्यविधि, २०७६ बमोजिम सामाजिक विकास महाशाखा अन्तर्गतको जनस्वास्थ्य शाखाबाट पेश भएको विवरण अनुसार स्वास्थ्य बिमा गरिदिने ।

प्रमाणीकरण गरियो ।
दस्तखत: ...............
नाम: सूर्य प्रसाद गौतम
प्र.प्रमुख प्रशासकीय अधिकृत
मिति: २०८१।०६।०४

निर्णय(ख): हेटौंडा उपमहानगरपालिकाको नीति अनुरुप आर्थिक रुपमा विपन्न सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई स्वस्थ्य बिमा सम्बन्धी कार्यविधि, २०७६ बमोजिम सामाजिक विकास महाशाखा अन्तर्गतको जनस्वास्थ्य शाखाबाट पेश भएको देहाय बमोजिमका व्यक्तिहरुको स्वास्थ्य विमा गरिदिने:

देहाय:

| सि.न. | परिवारको मुली/निवेदकको नाम | ठेगना | परिवार सख्या | विमाले कभर | कैफियत |
|---|---|---|---|---|---|
| १ | रामेश्वर गोतामे | हेटौंडा-११ | ५ जना | ५ जना | |
| २ | सुकराम राई | हेटौंडा-१७ | ५ जना | ५ जना | |
| ३ | अनिता पौडेल | हेटौंडा-३ | ५ जना | ५ जना | |
| ४ | सिता थिङ | हेटौंडा-३ | ४ जना | ५ जना | |
| ५ | हरि बहादुर सिकारी सुनार | हेटौंडा-१ | २ जना | ५ जना | |
| ६ | फुलमाया पाखिन | हेटौंडा-१८ | ५ जना | ५ जना | |
| ७ | नर बहादुर घलान | हेटौंडा-१८ | ४ जना | ५ जना | |
| ८ | किताव सिंग घलान | हेटौंडा-१८ | ५ जना | ५ जना | |
| ९ | कालिमाया परियार | हेटौंडा-१ | ४ जना | ५ जना | |
| १० | धिरज सुनुवार | हेटौंडा-३ | ५ जना | ५ जना | |
| ११ | चनमती माया प्रजा | हेटौंडा-१६ | ५ जना | ५ जना | |
| १२ | शान्ति मिजार | हेटौंडा-१२ | ५ जना | ५ जना | |
| १३ | पशुपति थामी | हेटौंडा-१८ | १ जना | ५ जना | |
| १४ | सुन्तली बराइली | हेटौंडा-१८ | १ जना | ५ जना | |
| १५ | मान कुमारी पाखिन | हेटौंडा-१८ | १ जना | ५ जना | |
| १६ | लक्ष्मी बराइली | हेटौंडा-१८ | १ जना | ५ जना | |
| १७ | आरती विसुखें | हेटौंडा-१८ | १ जना | ५ जना | |
| १८ | पबित्रा बराइली | हेटौंडा-१८ | १ जना | ५ जना | |
| १९ | बिष्णु घर्ती | हेटौंडा-१८ | १ जना | ५ जना | |
| २० | उमादेवी वि.क. | हेटौंडा-१८ | १ जना | ५ जना | |
| २१ | देवी माया बानिया | हेटौंडा-१८ | १ जना | ५ जना | |
| २२ | राधिका बराइली | हेटौंडा-१८ | १ जना | ५ जना | |
| २३ | राम भक्ते बराइली | हेटौंडा-१८ | ५ जना | ५ जना | |
| २४ | लक्ष्मण सार्की | हेटौंडा-१८ | १ जना | ५ जना | |
| २५ | सरी माया वि.क. | हेटौंडा-१८ | १ जना | ५ जना | |
| २६ | इश्वरी खतिवडा | हेटौंडा-११ | १ जना | ५ जना | |
| २७ | टंक प्रसाद दुलाल | हेटौंडा-१ | २ जना | ५ जना | |
| २८ | आइते सिं घलान | हेटौंडा-१२ | ५ जना | ५ जना | |
| २९ | अस्मिना उप्रेती | हेटौंडा-११ | २ जना | ५ जना | |
| ३० | रञ्जिता मगर | हेटौंडा-१२ | ४ जना | ५ जना | |
| ३१ | लक्ष्मण सार्की/विष्णु माया थापा | हेटौंडा-१२ | ४ जना | ५ जना | |

प्रमाणीकरण गरिन्छ !
दस्तखत: ........
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: २०७९।०६।०८

१०) प्रस्तावः लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको वेरुजु फछ्यौंट सम्बन्धी लेखा समितिको प्रस्ताव स्वीकृत गरी नगरसभाको सोह्रौं अधिवेशनमा अनुमोदनका लागि पेश गर्ने ।

११) प्रस्तावः भुक्तानी दायित्व सम्बन्धमा ।

निर्णयः चालु आर्थिक बर्षमा सम्पन्न भएका योजना तथा कार्यक्रमको भुक्तानी दायित्व अर्को आर्थिक बर्षमा सार्ने अभ्यासका कारण यथार्थपरक बजेट तथा कार्यक्रम तर्जुमामा समस्या पर्ने गरेको र गर्नु पर्ने भुक्तानी लामो समयसम्म अवरूद्ध हुन जाँदा जनगुनासो लगायत विविध समस्या देखिएकोले यस अभ्यासलाई अन्त्य गर्न चालु आर्थिक बर्षमा योजना सम्झौताको कार्य चैत्र मसान्तसम्म मात्र गर्ने र योजना तथा कार्यक्रमको भुक्तानी जेष्ठ १५ गतेसम्मको कार्यको मूल्याङ्कन गरी भुक्तानीको व्यवस्था मिलाउने र जति मात्रामा कार्य भएको हो सो बाहेक बाँकी कार्यलाई दायित्वमा नराख्ने तर अँधुरो भएमा सो कार्यलाई आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रममा राख्ने अनुमतिको लागि नगरसभाको सोह्रौं अधिवेशनमा प्रस्तावको रुपमा पेश गर्ने ।

१२) प्रस्तावः भगिनि सम्बन्ध कायम गर्ने सम्बन्धमा ।

निर्णयः अष्ट्रेलियाको भिक्टोरिया प्रान्त स्थित BRIM BANK CITY मा उपमहानगरपालिकाको तर्फबाट भएको अन्तराष्ट्रिय स्तरको भ्रमणमा हेटौंडा उपमहानगरपालिकाका वडा नं. २, ६ र ९ का ३ जना वडा अध्यक्ष समेतले भ्रमणका अवसरमा BRIM BANK CITY COUNCILL का हालका काउन्सिलर (मेयर) सँगको भेटघाट तथा वार्ताको क्रममा हेटौंडा उपमहानगरपालिका र BRIM BANK CITY COUNCILL बिच भगिनी सम्बन्ध कायम गर्ने समझदारी भएको हुँदा सो को लागि प्रक्रिया अगाडि बढाउने अनुमतिको लागि नगरसभाको सोह्रौं अधिवेशनमा प्रस्तावको रुपमा पेश गर्ने ।

१३) प्रस्तावः नदिजन्य पदार्थ विक्रि खुल्ला सम्बन्धमा ।

निर्णयः जिल्ला समन्वय समिति मकवानपुरको मिति २०८१।०८।१२ गतेको च.नं. २१४ को पत्र बमोजिम जिल्ला समन्वय समिति मकवानपुरद्वारा गरिएको दिपज्योती कंक्रिट ईण्डष्ट्रिज प्रा.लि.को नापजाँचबाट प्राप्त १९७७१.३६ घनमिटर नदिजन्य पदार्थको विवरण र हेटौंडा उपमहानगरपालिका नदिजन्य पदार्थ अनुगमन उपसमितिद्वारा गरिएको नापजाँचको १९९८८.१२ घनमिटर प्राप्त भएको हुँदा उपमहानगरपालिकाको नापजाँचको आधारमा निस्किएको परिमाण अनुसार जरिवाना असुल गरी दिपज्योती कंक्रिट ईण्डष्ट्रिजको मौज्दात नदीजन्य पदार्थको विक्रि वितरण खुला गर्न सम्बन्धित प्रा.लि.लाई अनुमति दिने ।

प्रमाणीकरण गरियो ।
दस्तखतः
नामः सूर्य प्रसाद गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८१/०९/०४